नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# नापी विभाग
(योजना तथा अनुगमन शाखा)

☎ ४६२२७१३
४६२२५६२
४६२२७३३
फ्याक्सः ४६२२९५७
ईमेलः info@dos.gov.np
वेभः www.dos.gov.np

पत्र संख्याः २/२१
चलानी नंः ४५६

२०७५।०३।०४

विषयः- विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री कार्यालय प्रमुखज्यू,
नापी कार्यालय ।
१.बुटवल, २.मझगवा, ३.भैरहवा, ४.गुल्मी, ५.मजुवाबजार, ६.नवलपरासी, ७.कावासोती, ८.पाल्पा, ९.रामपुर, १०.विशेष पाल्पा, ११.मुस्ताङ्ग, १२.म्याग्दी, १३.बाग्लुङ, १४.बुर्तिबाङ्ग, १५.पर्वत, १६.मनाङ, १७.स्याङ्जा, १८.वालिङ्ग, १९.तनहुँ, २०.लमजुङ, २१.गोरखा, २२.सिर्दिवास, २३.चितवन, २४.मकवानपुर, २५.शिखरकोट, २६.धादिङ, २७.रसुवा, २८.नुवाकोट, २९.चावहिल, ३०.कलंकी, ३१.डिल्लिबजार, ३२.साँखु, ३३.टोखा सरस्वती, ३४.मनमैंजु, ३५.भक्तपुर, ३६.ललितपुर, ३७.गोटिखेल, ३८.काभ्रे, ३९.डिजिटल बनेपा, ४०.सिन्धुपाल्चोक, ४१. कास्की .४२ लेखनाथ, ४३. खैरहनी, ४४. माडि बसन्तपुर, ४५. चनौली बजार, ।

प्रस्तुत विषयमा नापी कार्यालय सुदृढीकरण कार्यक्रम अन्तर्गत चालू आ.व. २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उल्लेखित कार्यालयहरुका कार्यालय प्रमुखहरुको सहभागितामा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा क्षेत्रिय गोष्ठी आयोजना हुने भएकोले सो गोष्ठीमा कार्यालय प्रमुखहरु सहभागी हुँदा देहाय बमोजिमका विवरणहरु अनिवार्य रुपमा तयार गरी सो विवरण संलग्न रहेको पंजिका सहितको फाईल (हार्ड कपी) लिई उपस्थित हुन अनुरोध छ।

तपशिलः
मिति, समय र स्थान
मितिः २०७५।०३।१२ देखि २०७५।०३।१३ सम्म
समयः बिहान ९ बजेदेखि
स्थानः चितवन
तयार गर्नुपर्ने विवरणहरुः
१. गोष्ठी हुनु पूर्व महिनासम्मको खर्चको फाँटवारी, धरौटी तथा राजस्वको मास्केवारी
२. गोष्ठी हुनु पूर्व महिनासम्मको प्रगति विवरण
३. विभागबाट गएका सामानहरुको दाखिला रिपोर्ट, आम्दानी बाँधेको जिन्सी कितावको प्रतिलिपि र हस्तान्तरण फारम, संचालन तथा उपयोग भएको पत्र
४. बेरुजु फर्छ्योटको प्रगति विवरण

"निजामती कर्मचारीको प्रतिबद्धताः पारदर्शिता र चुस्तता"

५. निर्माणाधिन भवनको अवस्था (ठेक्का नम्बर, ठेकेदार फर्मको नाम र ठेगाना, सम्झौता रकम, सम्झौता मिति, काम सम्पन्न हुनु पर्ने मिति, म्याद थप, हालसम्मको भौतिक प्रगति, आ.व २०७३/७४ सम्मको भुक्तानी र चालू आ.व. को भुक्तानी)

६. कम्प्युटर, प्रिन्टर, टोटल स्टेसन लगायतका यन्त्र उपकरणको अवस्था

७. विगत ३ बर्ष देखिको डिजिटल डाटा रुजु तथा अद्यावधिक कार्यको खर्च विवरण र प्रगति स्थिति (अभिलेख रजिस्टरको प्रतिलिपि समेत)

८. भूमि व्यवस्थापन कोष अन्तर्गत विगत ३ बर्ष देखिको खर्च र प्रगति स्थिति

९. परिमार्जित ५ पाने प्रगतिमा उल्लेखित सम्पूर्ण विवरणहरु

१०.खर्च शिर्षक नं. २९२३१ पूँजिगत सुधार खर्च तर्फ बजेट प्राप्त कार्यालयहरुले विगत ३ बर्षमा गरेका कामहरुको विवरण र खर्च स्थिति

११. कर्मचारी दरवन्दीको अवस्था (पदगत दरवन्दी, पदपुर्ति, रिक्त संख्या र लो.से.आ. माग)

१२. करारमा रहेका कर्मचारीहरु (१२ महिने नापी कामदार समेत)को नाम तथा ठेगाना, कार्यरत शुरु मिति र निरन्तरताको अवस्था सम्बन्धी विवरण

१३.काजको अवस्था (काजमा रहेका कर्मचारीको नाम, पद र अवधि)

१४. गोष्ठी वा तालिममा सहभागीहरुले सम्बन्धित कार्यालयले दिएको भ्रमण आदेश वा पत्र अनिवार्य पेश गर्नुपर्ने।

१५. साथै २०७५ श्रावण महिनाभित्र चालु आ.व. २०७४/७५ को आर्थिक विवरणहरु अनिवार्य रुपमा विभाग पठाउने व्यबस्था मिलाउने।

(दामोदर ढकाल)
निर्देशक (प्रा.)